राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


# प्रेस-नोट

१४ पुस, २०८१

## आयोगका पूर्वसदस्य श्री प्रकाश वस्तीको निधनप्रति आयोगद्वारा शोक व्यक्त

राष्टिय मानव अधिकार आयोगले आयोगका पूर्व सदस्य श्री प्रकाश वस्तीको मिति २०८१ पुष १२ गते भएको असामयिक तथा दु:खद निधनप्रति गहिरो शोक व्यक्त गरेको छ । स्व. वस्तीले मिति २०७१/०७/०३ देखि २०७७/०७/०२ सम्म ६ वर्ष आयोगको सदस्यको जिम्मेवारी निर्वाह गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धनका साथै यस आयोगका कामकारवाहीलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

यस दु:खद घडीमा आयोगले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवङ्गत आत्माको चीर शान्तिको कामना गरेको छ । आयोगले स्व. वस्तीको सम्मान र सम्झनामा आयोगमा वस्तीको तस्वीरसहित १३ दिनसम्म शोकपुस्तिका राख्ने र तेह्रौं दिनका दिन श्रद्धाञ्जलीसभा आयोजना गर्नेछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता